मितिः- २०८१।०५।३१ गते

स्थान:- कालिगण्डकी गाउँपालिकाको कार्यालय सभा कक्ष, गुल्मी ।

समयः- विहान ०९:३० बजे

कालिगण्डकी गाउँपालिकाका अध्यक्ष **श्री वेद बहादुर थापा** ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकको उपस्थिति र निर्णयहरु ।

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री वेद बहादुर थापा | |
| २. | उपाध्यक्ष | श्री मन्जु कुमारी दर्लामी | |
| ३. | १.नं. वडा अध्यक्ष | श्री लालु प्रसाद पाण्डे | |
| ४. | २.नं. वडा अध्यक्ष | श्री रेशम राज न्यौपाने | |
| ५. | ३.नं. वडा अध्यक्ष | श्री रुप बहादुर श्रीस | |
| ६. | ४.नं. वडा अध्यक्ष | श्री होम बहादुर थापा | |
| ७. | ५.नं. वडा अध्यक्ष | श्री दान बहादुर राना | |
| ८. | ६.नं. वडा अध्यक्ष | श्री पूर्ण बहादुर थापा | |
| ९. | ७.नं. वडा अध्यक्ष | श्री घनश्याम थापा | |
| १०. | कार्यपालिका सदस्य | श्री केशरी तिमिल्सीना पाण्डेय | |
| ११. | कार्यपालिका सदस्य | श्री गुनुमाया विश्वकर्मा | — |
| १२. | कार्यपालिका सदस्य | श्री मेनुका न्यौपाने | |
| १३. | कार्यपालिका सदस्य | श्री सीता कुमारी थापा | — |
| १४. | कार्यपालिका सदस्य | श्री अमर बहादुर विश्वकर्मा | |
| १५. | कार्यपालिका सदस्य | श्री मिना परियार | |
| १६. | प्रमुख प्रशासकीय अधिकृत | श्री नरेश गिरी | |
| १७ | लेखा शाखा प्रमुख | श्री होबनाथ पौडेल | |
| १८ | प्राविधिक शाखा | श्री सत्य नारायण राय | |
| १९ | रोजगार शाखा | श्री तिलक राना | |
| २० | आलेप | श्री गोविन्द कार्की | |
| २१ | कम्प्यूटर अपरेटर | श्री ऋषिराम राना | |
| २२ | कार्यालय सहयोगी | श्री दानमाया बुढा | |

Scanned with CamScanner

**प्रस्तावहरु**

१. प्रगति समिक्षा सम्बन्धमा।
२. कार्यविधि पारित गर्ने सम्बन्धमा।
३. ज्यालादारीमा सव इन्जिनियर नियुक्ति सम्बन्धमा।
४. टोल विकास संस्था गठन सम्बन्धमा।
५. उपभोक्ता समिति गठन सम्बन्धमा।
६. पूर्तिघाट भाङखर्क दमार.सिरेनी सड्क निर्माणको क्रममा विस्थापन गरिएको प्रेम बहादुर तिवारीको किचन घर निर्माण सम्बन्धमा।
७. गरिबी निवारणको लागि लघु उद्यम नयाँ कार्यक्रम संचालन सम्बन्धमा।
८. सुन्य होम डेलिभरीको लागि प्रतिक्षा कोठा स्थापना सम्बन्धमा।
९. मातृ तथा नवजात शिशु कार्ड छपाई गरी वितरण गर्ने सम्बन्धमा।
१०.स्वास्थ्य संस्थाको सार्वजनिक परीक्षण सम्बन्धमा।
११.स्वास्थ्य आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य पूर्वयोजना स्वीकृत गरी कार्यन्वयन गर्ने सम्बन्धमा।
१२.फलफुलका विरुवा रोपण सम्बन्धमा।
१३.दवौखानीको निगारेको क्षतिग्रस्त सडक स्तरोन्नती गर्ने सम्बन्धमा।
१४.लम्करा बुढीकुलो सिंचाइकुलो निर्माण सम्बन्धमा।
१५.मेलमिलापकर्ताको तालिम संचालन सम्बन्धमा।
१६.गोठ पुननिर्माण अनुदान उपलब्ध गराउने सम्बन्धमा।
१७.खडककोट स्वास्थ्य चौकीको भवन निर्माण सम्बन्धमा।
१८.अवरुद्ध मोटरबाटो सफाई तथा मर्मत सम्बन्धमा।
१९.छापचौर धुवाखोला मोटरबाटो अवरुद्ध मोटरबाटोको रकम भुक्तानी सम्बन्धमा।
२०.विपदको भुक्तानी सम्बन्धमा।
२१.डिपिआर सम्बन्धमा।

निर्णयहरु

१. यस गाउँपालिकाको यस पूर्वका गाउँकार्यपालिकाका निर्णयहरुका साथै भाद्र महिनामा भए गरेका काम कारबाहीहरुको बारेमा समीक्षा गरियो
२. कालिगण्डकी गाउँपालिकाका देहायअनुसारका कार्यविधि, आचारसंहिता, निर्देशिका र मानक पारित गर्ने
    a. सुरक्षित मातृत्व घुम्ति कोष परिचालन तथा व्यवस्थापन निर्देशिका, २०८१
    b. लेखा समितिको कार्य संचालन मानक, २०८१
    c. नागरिक बजेट निर्देशिका, २०८१
    d. आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०८१
    e. टोल विकास संस्था (गठन तथा परिचालन) सम्बन्धी कार्यविधि, २०८१
    f. सुरक्षित मातृत्व घुम्ति कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी

छेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

g. पूर्ण संस्थागत प्रसुतिकर्मी सेवायुक्त वडा तथा स्थानीय तह घोषणा एवं सुनिष्चितता सम्बन्धी मापदण्ड, २०८१

h. पशु बीमा संचालनमा अनुदान सम्बन्धी कार्यविधि, २०८१

३. यस आर्थिक वर्षमा संचालन हुने विकास योजनाहरुको प्रत्यक्ष सुपरभिजन गर्न जयानन्दन चौधरीलाई असिस्टेन्ट सब इन्जिनियर पदमा दैनिक ज्यालादारीमा नियुक्ती गर्ने।

४. कालिगण्डकी गाउँपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८१ बमोजिम सबै वडामा टोल विकास संस्था गठन गरी सोको जानकारी गाउँपालिकामा पठाउने।

५. चालु आर्थिक वर्षमा यस गाउँपालिकाबाट स्वीकृत गाउँपालिका र वडा स्तरीय सबै योजनाहरुको उपभोक्ता समिति गठनका लागी सबै वडा कार्यालयले ७ दिनको सूचना जारी गरी दशै अगाडी नै उपभोक्ता समिति गठन र उक्त योजनाहरुको लागत अनुमान समेत तयारीको काम सम्पन्न गर्ने।

६. पूर्तिघाट भाङखर्क दमार सिरेनी सडक निर्माणको क्रममा कालिगण्डकी ४ जोखुमचौर अवस्थित प्रेम बहादुर तिवारीको किचन घर विस्थापन गर्नु परेको हुँदा उक्त किचन घर निर्माणको सोही सडक निर्माणमा विनियोजन भएको रकमको कन्टेन्जेन्सी रकमबाट १ लाख अनुदान प्रदान गर्ने।

७. यस वर्ष गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सृजना सम्बन्धी काम वडा नं. २ र वडा नं ७ मा संचालन गर्ने।

८. गाउँपालिकाभित्रका वर्थिङ सेन्टर रहेका स्वास्थ्य चौकीहरुमा पूर्ण स्वास्थ्य सुत्केरी अभियान सम्पन्न गर्न स्वास्थ्य चौकीमा कोठा उपलब्ध भएमा सोही कोठामा र सो उपलब्ध हुन नसकेमा भाडामा कोठा समेत व्यवस्थापन गरी गर्भवती प्रतिक्षा कोठाको व्यवस्थापन गर्ने।

९. समुदायमा आधारित मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सुदृढीकरणका लागि मातृ तथा नवजात शिशु स्वास्थ्य कार्ड छपाई गरी वितरण गर्ने।

१०.चाले आ.वको लागि गाउँपालिकाबाट सार्वजनिक परीक्षण शीर्षकमा बजेटबाट नेपाल रेडक्रस सोसाइटीसँगको साझेदारीमा सबै स्वास्थ्य चौकीहरुको सार्वजनिक परीक्षण गर्ने।

११.नेपाल रेडक्रस संगको सहकार्यमा तयार गरिएको सबै स्वास्थ्य संस्थाहरुको स्वास्थ्य आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य पूर्वयोजना स्वीकृत गरी कार्यन्वयन गर्ने

१२.कालिगण्डकी गाउँपालिका कार्यरत सबै जनप्रतिनिधि र कर्मचारीहरु गाउँपालिकाका उत्पादन हुने कम्तिमा १० वटा फलफुल जांत विरुवा रोपण यसै आर्थिक वर्षमा सम्पन्न गर्ने । साथै गाउँपालिकाभित्रका पेन्सनर, सामाजिक सुरक्षा भत्ताका लाभग्राही, शिक्षक तथा अन्य कर्मचारीहरुलाई समेत कम्तिमा १० वटा विरुवा रोपणका लागि खाल्डा अन्न अनुरोध गर्ने साथै त्यसरी खनिएका खाल्डामा विरुवा रोपणका लागि गाउँपालिकाले माग अनुसारका विरुवा सहयोग गर्ने।

१३.दबौखानी निगारेसडक खण्ड अन्तर्गत सिद्धेगैरामा यस वर्षको वर्षातको कारण सडक क्षति भै सो सडक तत्काल सूचारु गर्न प्राविधिक लागत अनुमान अनुसारको काम विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी मर्मत कार्य गर्ने।

१४.आर्थिक वर्षमा प्रदेश सरकारको समपुरक अनुदानबाट संचालित लम्करा बुढीकुलो सिंचाइकुलो निर्माण सम्पन्न भै भुक्तानी गर्दा भुलबस कम रकमको भुक्तानी हुन गएकोले

१५.मेलमिलाप समिति गठन तथा अभिमुखीकरणको कार्य गर्न सबै वडाले ३/३ जना मेलमिलापकर्ता छनौट गरी गाउँपालिकामा आधारभुत तालिमको लागि पठाउने।

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

१६.कालिगण्डकी गाउँपालिका वडा नं ७ निवासी सिता कुमारी सार्किको गोठ यस वर्षको विपद्का कारणले निजको गोठ क्षति हुन गएको हुँदा निजको गोठ पुननिर्माणको लागि कालिगण्डकी गाउँपालिकाको विपद् व्यवस्थापन कार्यविधि बमोजिम रु. ३० हजार पुननिर्माण अनुदान रकम उपलब्ध गराउने

१७.खड्गकोट स्वास्थ्य चौकी निर्माणको लागि कालिगण्डकी गाउँपालिका, ६ नं वडा कार्यालय र नेपाल रेडक्रम सोसाइटी बीच भएको सम्झौताअनुसारको काम सम्पन्न हुने चरणमा रहेको उक्त सम्झौता अनुसारको कार्य सम्पन्न हुँदा केही निर्माण सामाग्रीहरु मौज्दात रहेको देखिएको र उक्त संस्था संस्थाको लागि रिटेनिङ वाल र नालि निर्माण गर्न व्यवस्थापन समितिबाट अनुरोध भै आएको हुँदा उक्त कार्य गर्न सहमति दिने ।

१८.चालु आर्थिक वर्षमा विभिन्न वडामा भएको मोटरबाटो सफाई तथा स्तरउन्नती शीर्षकबाट तत्काल आउन लागेका चाडपर्व समेतलाई मध्यनजर गरी तत्काल सूचारु गराउन कोटेशनका माध्यामबाट तत्काल स्तरोन्नतीको कांम गर्ने ।

१९.छापचौर धुवाखोला मोटरबाटो अवरुद्ध मोटरबाटोमा ठुलो पहिरो आइ उक्त पहिरो तत्काल पन्छाउने काममा भएको खर्च रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

२०. कालिगण्डकी गाउँपालिका वडा नं.५ फोक्सीङ्ग निवासी पवित्रा देवी सुनारको गोठ विपदका कारणले भत्केको हुँदा निजलाई विपद व्यवस्थापन कार्यविधि बमोजिम रु ३० हजार भुक्तानी गर्ने ।

२१. बहुवर्षिय योजनाको लागि र प्रदेश र सघीय सरकार संघ योजना माग गर्नको लागि पर्यटकीय मार्गको लागि घुमाउने, उर्लेनी, चापाखोर, देउराली, तोलकोट र भुईटोड्के मोटरबाटो डी.पि.आर. गर्ने ।

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुतिघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner